

नेपाल गजेट

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १२] काठमाडौं, वैशाख १८ गते २०१९ साल [संख्या ३

श्री ५ को सरकार

अर्थ मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको नेपाल राष्ट्रबैंक (झुत्रो नोट धुल्याउने) नियमहरू, २०१८ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ।

नेपाल राष्ट्रबैंक ऐन, २०१२ को दफा १७ ले दिएको अधिकार र यस सम्बन्धमा प्राप्त अरू सबै अधिकारको प्रयोग गरी नेपाल राष्ट्रबैंकको संचालक समितिले श्री ५ को सरकारको स्वीकृति लिई देहायको नियमहरू बनाएको छः—

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः— (१) यी नियमहरूको नाम नेपाल राष्ट्रबैंक (झुत्रोनोट धुल्याउने) नियमहरू, २०१८ रहेको छ।

(२) यी नियमहरू नेपाल राष्ट्रबैंकको संचालक समितिले समय समयमा तोकीदिएको मिति देखि तोकीदिएको नेपाल राष्ट्रबैंकको अफिसहरूमा लागू हुनेछ।

२. व्याख्यागर्ने अधिकारः— यी नियमहरूको व्याख्यागर्ने अन्तिम अधिकार नेपाल राष्ट्रबैंकको संचालक समितिमा सुरक्षित रहनेछ।

३. परिभाषा :— विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमाः—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) झुत्रोनोट भन्नाले सट्टा भर्नाको निमित्त दाखिला भई लगत कट्टा गरिने करेन्सी नोट बुझ्नु पर्छ।

(ख) रजिष्टर भएको नोट भन्नाले रू. १०० दरको करेन्सी नोट र रजिष्टर नभएको नोट भन्नाले रजिष्टर भएको करेन्सी नोट बाहेक अन्य करेन्सी नोटहरू सम्झनु पर्छ।

(ग) विस्तृत लगत भन्नाले करेन्सी नोटहरूको नम्बरसहितको लगत सम्झनु पर्छ।

४. झुत्रोनोट धुल्याउने कार्यविधिः— झुत्रोनोटहरू धुल्याउँदा देहाय बमोजिमको कार्यविधि अपनाउनु पर्छः—

(१) खारेज गरिने झुत्रो नोटहरू मध्ये रजिष्टर नभएका नोटहरू बाहेक रजिष्टर भएका नोटहरूको विस्तृत लगत राख्नु पर्दछ।

(२) सट्टा भर्ना गई दाखिल हुन आएको झुत्रो नोटहरू दाखिल भएकै दिनभित्र पंचिंग मेशिनले एक सयको करेन्सी नोट भए ६ प्वालहरू र दश, पांच, एकको करेन्सी नोटहरू भए क्रमशः ५,४,३ को दरले प्वाल पार्नु पर्दछ। त्यति प्वालहरू पार्ने ठाउँ नभए सोभन्दा कम तर बढीले बढी जति प्वाल पार्न सकिन्छ त्यति प्वालहरू पार्नु पर्छ तर करेन्सी नोटको नम्बरको केही भागमा प्वाल पार्नु अनिवार्य हुनेछ।

(३) प्रत्येक अफिसमा नोट प्वाल पार्ने पञ्चिंग मेशीनको पञ्च गरिएका टुक्राहरू खस्ने (कटेचर) को सांचो नेपाल राष्ट्र बैंकले अर्कै व्यवस्था गरेमा बाहेक निरीक्षकको जिम्मा रहने छ र निजले साधारणतया दिनको एक पटक नोट विभागमा गई आफ्नै रोहवरमा र ट्रेजरी अफिसर वा क्यासियरसमेतको उपस्थितिमा ती टुक्राहरू जलाउन पर्दछ।

(४) नोट विभाग र अन्य जिल्लास्थित अफिसहरूमा प्वाल नभएको नोटहरू तल लेखिएका अधिकारीहरूको रोहवरमा जलाई धुल्याउनु पर्दछ।

(क) नोट विभागमाः—

(१) नोट विभागमा ट्रेजरर (२) नोट विभागका क्यासियर (३) काठमाडौं स्थित अफिसको मेनेजर (४) संचालक समितिको सेक्रेटरी (५) मुख्य एकाउण्टेण्ट वा निरीक्षक मध्ये १ जना र (६) काठमाडौं मेजिष्ट्रेट वा निजले खटाएका दर्जा पुगेको प्रतिनिधि जना १

(ख) अन्य अफिसहरूमाः—

(१) अफिस प्रमुख (२) क्यासियर (३) स्थानीय बडाहाकिम वा निजको दर्जा पुगेको प्रतिनिधि (४) स्थानीय मालअड्डाका हाकिम वा निजको दर्जा पुगेको प्रतिनिधि।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।